# रंगेली नगरपालिका

## *Rangeli Municipality*

नगर कार्यपालिकाको कार्यालय

**Office of Municipal Executive**

रंगेली , मोरङ / Rangeli, Morang

**Province No. 1, Nepal**

प्रदेश नं. १, नेपाल

प.स. ०७९। ०८०

मिति (Date) : २०७९। ०९ ।२४

च.न.

**विषय : समय थप गरिएको बारे ।**

यस नगरपालिकाबाट साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको आवेदन आह्वन सम्बन्धि मिति २०७९।०८।०७ गते प्रकाशित प्रथम पटकको सूचनाका सर्तहरु पालना गर्दै नगरपालिकाको आ. व. २०७९।०८० को संघिय सरकार सर्सत अनुदान तर्फको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना पकेट विकास कार्यक्रम अन्तर्गत तपशिलका कार्यक्रमहरु तपशिलका वडाहरुमा (प्रथम पटक प्रकाशित सूचनामा उल्लेखित ) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यविधि बमोजिम संचालन हुने हुदा उक्त वडा भित्र रहेका इच्छुक कृषक, कृषक समूह, सहकारी, जल उपभोक्ता समिति तथा कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकासित मितिले ७ दिन (मिति २०७९। ०९ ।३० गते ) सम्म आवेदन दिने समय थप भएको हुदा तोकिएको ढांचामा ( अनुसूचि १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैमा जानकारी गराइन्छ । साथै यस सम्बन्धमा थप कुरा परे नगरपालिकाको कृषि तथा पशुपन्छि विकास शाखामा सम्पर्क राख्न हुन समेत अनुरोध छ ।

प्रमुख प्रसाशकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# रंगेली नगरपालिका
## Rangeli Municipality
## नगर कार्यपालिकाको कार्यालय
### Office Of Municipal Executive
रंगेली, मोरङ Rangeli, Morang

प्रदेश नं १, नेपाल
Province No.-1, Nepal

आ.व.(F.Y.):२०७९/८०
च.नं.(Ref.No.):

**साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको आवेदन आह्वान सम्वन्धि सूचना**
**प्रथम पटक सूचना प्रकासित मिति : २०७९।०८।०७**

रंगेली नगरपालिकाको आ.व. २०७९।८० को संघिय सरकार ससर्त अनुदान तर्फको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पकेट विकास कार्यक्रम अन्तर्गत तपशिलका कार्यक्रमहरु प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम कार्यविधि वमोजिम तपशलिका वडाहरुमा संचालन गरिने हुँदा उक्त वडा भित्र रहेका इच्छुक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति तथा कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचिना प्रकासित भएको मितिले १५ दिन (मिति २०७९।०८।२१ गते) भित्र तोकिएको ढाँचामा (अनुसूचि १०) अनुसार आवेदन दर्ता गर्नु हुन सम्वन्धित सवैमा जानकारी गराईन्छ ।

| सि.नं. | कार्यक्रम विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मकै वाली पकेट विकास कार्यक्रम | १ | रंगेली नगरपालिकाका वडा नं. ४,५,६ का कृषकहरुले मात्र आवेदन गर्ने । |
| २ | धान वाली पकेट विकास कार्यक्रम | १ | रंगेली नगरपालिकाका वडा नं. ५ र ६ का कृषकले मात्र आवेदन गर्ने । |
| ३ | वाखा पकेट विकास कार्यक्रम | १ | रंगेली नगरपालिकाका वडा नं. १,२,३,८,९ का कृषकले मात्र आवेदन गर्ने । |

**आवश्यक कागजातहरु :**

१) रु १० को टिकट टाँस गरेको निवेदन
२) सम्वन्धित वडा कार्यालय/नगरपालिका कार्यालय वा आधिकारीक निकायमा दर्ता भएका कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति तथा कृषि फार्म को दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
३) स्थयी लेखा नं. को प्रतिलिपि ।
४) संस्थाको हकमा संस्थागत निर्णयको प्रतिलिपि
५) जग्गा धनि प्रमाण पुर्जाको छाँया कपी र सोहि जग्गाको चालु आ.व.को तिरो तिरेको रसिदको प्रतिलिपि
६) जग्गा ठेक्का लिएको भए कम्तिमा ५ वर्षको ठेक्का लिएको आधिकारीक करार पत्र, करार लिने र दिने दुवैको नेपालि नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपि ।
७) फर्म भएमा फर्म दर्ताको प्रमाण पत्र, नविकरण, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
८) सम्वन्धीत वडा कार्यालयवाट दोहोरो सुविधा नलिएको तथा कार्यक्रम सन्चालन गर्न उपयुक्त रहेको सिफरिस पत्र ।
९) नेपाली नागरिक्ता प्रमाण पत्रको प्रतिलिपि ।
१०) आवेदन फारामको ढाँचा संवन्धीत शाखावाट प्राप्त गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत